जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: १८२ पृष्ठ: ४ २०८३ कार्तिक २५ बुधबार (Wednesday 11 Nov. 2026) मूल्य रु. ५।- इमेल : mgnd2070@gmail.com

गोलबजार व्यापार संघमा दलिय उम्मेद्वार, स्वतन्त्र, निष्पक्ष भन्नेहरु पनि पार्टीकै शरणमा



सिरहा, २४ कार्तिक। आगामी मंसिर ४ गतको लागि तय भएको गोलबजार व्यापार संघको निर्वाचनले दलितय रुप ग्रहण गरेको छ। नेपाली कम्यूनिष्ट पार्टी लगायतको समर्थनमा महेश साह सुडी (कोक्वा) नेतृत्वमा प्यानलले उम्मेदवारी घोषणा गरेका छन्। उम्मेद्वार मनोनय दर्ताको अघिल्लो दिन मंगलबार राष्ट्रिय स्वतन्त्र पार्टीले तामझामकासाथ राकेश गुप्तालाई अध्यक्षका उम्मेदवारको रुपमा अगाडी सारेको छ ।

राकेश गुप्ताले दुई कार्यकाल कार्यसमितिमा बसेर कामगरिसेकाले आफू पुन: व्यापार संघमा नजाने भन्दै आएका थिए। उनी स्थानीय तहको निर्वाचनमा भागलिने गरी तयारी गरिरहेको चर्चा चलिरहेकाले पनि उनी व्यापार संघमा नआउने धेरै व्यसायीहरुले आकलन गरेका थिए। तर, मंगलबार एक्कासी प्रतिनीधि सभाका सदस्य द्वय पुरुषोत्तम यादव र शिव यादवसहितका समूहले गुप्तालाई टिका खादा लगाएर व्यापार संघको अध्यक्ष पदको उम्मेद्वाको रुपमा अघि सारेको छ। पार्टीका नेता उपस्थित भएर गुप्तालाई अध्यक्ष पदमा अघि सारेसँगै गोलबजार व्यापार संघको चुनावले दलिय रङ्ग समाएको छ।

उनीले यसअघि व्यापार संघलाई पार्टीभन्दा माथि स्वतन्त्र, निश्पक्ष र व्यवसायीहरुको साझा संगठन बनाउनु पर्छ भन्ने वकालत गर्दै आएका थिए। अहिले दलको 'टिका'लागिसक्दा पनि आफू स्वतन्त्र उम्मेदवार भएको दावी गरिहेका छन्। 'पार्टीको दवाव भन्दा पनि गोलबजारका समग्र व्यवसायीहरुको दवावपछिमात्र अन्तिम समयमा आएर उम्मेद्वारीको लागि राजी भएको हुँ' गुप्ताले भने, 'म व्यापार संघको चुनावमा भागलिने मनसायमै थिइँन, सम्पूर्ण व्यवसायीहरुको अनुरोधपूर्ण दवावपछिमात्र उम्मेदवार हुन तयार भएको हुँ, यसमा पार्टीको संलग्नता छैन, होइन।'

गोलबजारको परिचय फराकीलो बनाउन पनि नयाँ र सक्षम नेतृत्वको आवश्यक रहेकोले गोलबजारका व्यवसायीले उम्मेद्वारीको लागि दवाव बढाएको जिकिर गरे। तपाईं दुई-दुई कार्यकाल कार्यसमिति त्यसमा पनि पदाधिकारी भएको मान्छे कसरी नयाँ हुनुभयो भयो? भन्ने प्रश्नमा उनले भने, 'म प्रमुख पदमा नभएकाले भने जस्तो गर्न सकिएन, अब व्यसायीहरुले मौका दियोभने अवश्य नयाँ केही गरिन्छ।'

उनले पार्टीका नेता तथा प्रतिनिधीसभा सदस्यहरु हामीलाई समग्र व्यसायीलाई समेटेर अगाडी बढ्नभनेर सल्लह दिन आएको जिकिर गरे। महेश साह सुडीले भने आफू सर्वसम्मत उम्मेदवार भएको दावी गरे। उनले भने, 'म सर्वसम्मत उम्मेदवार हुँ, हिजो सम्म धेरैले मेरै समर्थन गरिहनु भएको थियो।

सम्बन्ध लुकाउन प्रेमीसँग मिलेर श्रीमान्को हत्या, दुवै पक्राउ

विराटनगर, २४ कार्तिक। मोरङको जहदा गाउँपालिका-२ मोहनपुरका ४० वर्षीय बुधराम सोरेन झेराहाटको उद्योगमा मजदुरी गर्थे। तिहार मनाउन उनी आइतबार घर पुगे। तिहार मनाउन घर आएका बेला हत्या भयो। फलामको रड प्रहार गरी हत्या गरेको आरोपमा श्रीमती र उनका प्रेमीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। हत्या आरोपमा सोरेनकी ३५ वर्षीया श्रीमती कमली बास्के र भारतको बिहार राज्यअन्तर्गत कटिहारका २७ वर्षीय सुनिल मिश्रलाई पक्राउ गरिएको मोरङ प्रहरी प्रमुख प्रहरी उपरीक्षक कवित कटवालले जानकारी दिए।

कटवालका अनुसार प्रारम्भिक अनुसन्धानबाट तिहार मनाउन घर फर्किएका बुधराम, उनकी श्रीमती कमली र प्रेमी सुनिलले घरमै मदिरा सेवन गरेको देखिएको छ। मदिराले मातेपछि बुधराम कोठामा सुत्न गए। बुधराम निदाएपछि कमली र सुनिलको योजनाअनुसार उनको टाउकोमा फलामको रड प्रहार गरे। टाउकोमा गम्भीर चोट लागेका सोरेनको घटनास्थलमै मृत्यु



भयो। हत्यापछि उनीहरूले कोठाको ढोकामा बाहिरबाट ताल्चा लगाएर हिँडे।

पछि मृतकको १३ वर्षीय छोरीले ढोकाको चाबी खोलेर हेर्दा बुबालाई रक्ताम्य अवस्थामा देखेपछि घटना सार्वजनिक भएको थियो। त्यसपछि स्थानीयवासीले तत्काल प्रहरीलाई खबर गरेका थिए। खबर पाएपछि पुगेको प्रहरीले घर नजिकै लुकेको अवस्थामा प्रेमीलाई पक्राउ गऱ्यो। कमली भने फरार थिइन्। कमलीलाई प्रहरीले सोमबार बिहान घरबाट थोरै टाढा रहेको धानबारीबाट नियन्त्रणमा लिएको हो ।

झोला बोकेर उनी भारततर्फ भाग्दै गरेको अवस्थामा पक्राउ गरेको मोरङ प्रहरी प्रमुख कवित कटवालले जानकारी दिए। कटवालका अनुसार कमली र भारतीय नागरिक सुनिलबीच केही समयदेखि विवाहेत्तर प्रेम सम्बन्ध चलिरहेको थियो।

नेताहरूको स्वार्थले अस्थिर मधेश सरकार

अघिल्लो कार्यकाल पाँचै वर्ष सरकार टिकाएर कीर्तिमानी अभ्यास भएको मधेशमा यसपटक अरु प्रदेश जस्तै चरम राजनीतिक अस्थिरता देखियो।



सइन्द्र राई

काठमाडौं, २४ कार्तिक। ११ महिनाअघि विशेष अवस्थामा मधेशको मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादवको पद यतिबेर संकटमा छ। सरकार फेर्ने अहिलेको कोर्समा नयाँ मोड आएन भने यो साताभित्रै छठ मनाएर(२९ कात्तिकमा) उनी पदमुक्त हुनेछन्। गत ३० असोजमा एमालेले समर्थन फिर्ता लिएकाले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने वैधानिक बाध्यतामा रहेका मुख्यमन्त्री यादवले बहुमत जुटाउने स्थिति देखिँदैन।

गत शुक्रबार मात्र नेकपाका मन्त्रीहरूले पनि राजीनामा बुझाएर समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले बहुमत जुटाउने सम्भावना थप कमजोर बनेको छ। कांग्रेस सभापति गगन थापाले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई गुन्डु नै पुगेर (१७ कात्तिकमा) भेटेको र नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग पनि निरन्तर संवाद गरिरहेकाले कांग्रेस नेता यादवको मुख्यमन्त्री पद लम्बिन सक्ने केही आशा थियो।

तर सभापतिसहित कांग्रेस नेताहरूसँग संवाद भइरहेपनि एमाले र नेकपाका नेताहरू मधेश सरकार फेर्ने कोर्सबाट पछि हटेनन्। 'कांग्रेस नेतृत्वले नमानेपछि प्रदेश सरकारहरूमा सहकार्य गर्न एमाले र नेकपाबीच भएको ३ बुँदे सहमति बमोजिम नै मधेश सरकार फेर्न

-बाँकी तीन पेजमा

स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

पर्वसँगै जोडिएको पुख्यौंली सीप र जीविकोपार्जनको चुनौती

मिथिला क्षेत्र कला, संस्कृति, परम्परा र मौलिक पहिचानले समृद्ध क्षेत्र हो। यहाँ मनाइने दीपावली र छठ पर्व केवल धार्मिक आस्था र सांस्कृतिक उत्सवका प्रतीक मात्र होइनन्, स्थानीय उत्पादन, परम्परागत सीप र समुदायको जीविकोपार्जनसँग समेत गहिरो रूपमा जोडिएका छन्। विशेषगरी कुमाल, बिन र डोम समुदायका लागि यी पर्व आर्थिक उपार्जनको महत्वपूर्ण अवसर बन्दै आएका छन्। माटाका भाँडा तथा बाँसका चोया र कप्टेराबाट बनाइने सामग्रीको माग बढेसँगै पुख्यौंली पेसामा आबद्ध परिवारमा केही आम्दानी हुने आशा पलाउने गरेको छ। तर आधुनिक सामग्रीको बढ्दो प्रयोग र नयाँ पुस्ताको घट्दो आकर्षणले यी मौलिक सीपको भविष्य भने संकटमा पर्दै गएको छ।

दीपावलीमा लक्ष्मीपूजाका लागि माटाका दियो, चैंटो, तौला, ढकना र अन्य सामग्री आवश्यक पर्छन्। त्यसैगरी छठ पर्वमा बाँसका चोयाबाट बनाइएका छिटी, नाङ्लो, चाल्नो, कनसुपी तथा अन्य सामग्रीको विशेष महत्व छ। धार्मिक तथा सांस्कृतिक परम्पराअनुसार नयाँ माटाका भाँडा र बाँसका सामग्री प्रयोग गर्ने चलनले यी समुदायका श्रमिकलाई वर्षमा कम्तीमा दुईवटा ठूला पर्वमा आफ्नो सीप प्रदर्शन र बिक्री गर्ने अवसर प्रदान गर्दै आएको छ। ग्रामीण क्षेत्रका साप्ताहिक हटिया तथा स्थानीय बजारमा अहिले यस्ता सामग्रीको माग बढ्नुले परम्परागत उत्पादनको सांस्कृतिक महत्त्व अझै कायम रहेको देखाउँछ।

तर विडम्बना के छ भने केही दशकअघिसम्म दैनिक जीवनका अत्यावश्यक सामग्रीका रूपमा प्रयोग हुने माटाका भाँडा र बाँसबाट बनेका सामान अहिले पर्वविशेषमा सीमित हुँदै गएका छन्। प्लास्टिक, स्टिल र अन्य आधुनिक सामग्रीको प्रयोग बढेसँगै परम्परागत उत्पादनको बजार खुम्चिएको छ। पहिले वर्षभरि माटाका भाँडा र बाँसका सामग्री बिक्री गरेर जीविकोपार्जन गर्ने परिवार अहिले दीपावली र छठको प्रतीक्षामा बस्नुपर्ने अवस्था आएको छ। पर्वका बेला हुने आम्दानीले केही महिनाको खर्च चलाउन सहयोग गरे पनि वर्षभरि परिवारको गुजारा चलाउन पर्याप्त हुँदैन। यो अवस्था केवल आर्थिक समस्यासँग मात्र सम्बन्धित छैन, मिथिलाको मौलिक कला, संस्कृति र पहिचानसँग पनि जोडिएको छ। कुमाल समुदायको माटोबाट विभिन्न आकारका भाँडा बनाउने कला र बिन तथा डोम समुदायको बाँसका चोया र कप्टेराबाट उपयोगी सामग्री तयार गर्ने सीप पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको छ। यी सीप केवल हातको काम होइनन्, हाम्रो समाजको इतिहास, परम्परा र सांस्कृतिक पहिचानका जीवन्त दस्तावेज हुन्। तर नयाँ पुस्ताले यस पेसाबाट पर्याप्त आम्दानी र भविष्य नदेखेपछि अन्य रोजगारी तथा व्यवसाय रोज्न थालेका छन्। यसले पुख्यौंली सीपको निरन्तरतामा गम्भीर चुनौती सिर्जना गरेको छ।

परम्परागत सीपको संरक्षणको जिम्मेवारी सम्बन्धित समुदायको मात्र होइन, राज्य र समाजको पनि हो। स्थानीय तहहरूले यस्ता सीपमा आबद्ध परिवारको पहिचान गरी उनीहरूलाई आवश्यक आर्थिक सहयोग, सहुलियत ऋण, तालिम र आधुनिक प्रविधिको सुविधा उपलब्ध गराउनुपर्छ। माटाका भाँडा तथा बाँसका सामग्रीको उत्पादनलाई व्यावसायिक बनाउन आवश्यक बजार व्यवस्थापन गर्नुपर्छ। स्थानीय हाटबजारमा परम्परागत उत्पादनका लागि निश्चित स्थानको व्यवस्था गर्नुका साथै जिल्लास्तरमा प्रदर्शनी तथा बिक्री केन्द्र स्थापना गर्न सकिन्छ। यसबाट स्थानीय उत्पादनको बजार विस्तार हुनुका साथै सीपमा आबद्ध समुदायको आम्दानीसमेत बढाउन सकिन्छ।

त्यसैगरी विद्यालय तथा समुदायस्तरमा स्थानीय कला र परम्परागत सीपसम्बन्धी ज्ञान हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। नयाँ पुस्तालाई यी पेसाको महत्त्व बुझाउनुका साथै आधुनिक डिजाइन, गुणस्तरीय उत्पादन र बजारको मागअनुसार सामग्री निर्माण गर्ने सीप सिकाउनुपर्छ। परम्परागत उत्पादनलाई आधुनिक आवश्यकतासँग जोड्न सकेमा यी पेसा पुनः आकर्षक र आयआर्जनको दिगो माध्यम बन्न सक्छन्। अर्कोतर्फ, उपभोक्ताको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ। चाडपर्वमा सजावट र प्रयोगका लागि प्लास्टिक तथा कृत्रिम सामग्रीको सट्टा स्थानीय कुमाल, बिन र डोम समुदायले उत्पादन गरेका माटका तथा बाँसका सामग्रीलाई प्राथमिकता दिनुपर्छ। स्थानीय उत्पादन खरिद गर्नु भनेको एउटा सामान किन्नु मात्र होइन, स्थानीय श्रमको सम्मान गर्नु, सीपको संरक्षण गर्नु र विपन्न परिवारको जीविकोपार्जनमा सहयोग पुऱ्याउनु पनि हो। वातावरणीय दृष्टिले समेत माटो र बाँसबाट बनेका सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्नु सकारात्मक कदम हुन सक्छ।

अन्ततः दीपावली र छठले धार्मिक तथा सांस्कृतिक आस्थालाई मात्र जीवन्त राखेका छैनन्, मिथिलाका परम्परागत सीप र श्रमजीवी समुदायको जीविकोपार्जनलाई समेत धानेका छन्। तर वर्षमा दुईवटा पर्वको भरमा पुख्यौंली पेसा र सीपको संरक्षण सम्भव छैन। यसका लागि दीर्घकालीन योजना, राज्यको सहयोग, बजारको सुनिश्चितता र उपभोक्ताको सकारात्मक सोच आवश्यक छ। मिथिलाको मौलिक पहिचान जोगाउने हो भने माटाका भाँडा र बाँसका सामग्री बनाउने हातलाई निरुत्साहित होइन, प्रोत्साहित गर्नुपर्छ। पर्वको उज्यालोसँगै यी समुदायको जीवनमा पनि आर्थिक समृद्धिको उज्यालो फैलिनुपर्छ। परम्परागत सीपलाई पुस्तान्तरण गर्दै आधुनिक बजारसँग जोड्न सके मात्र हाम्रो संस्कृति, पहिचान र स्थानीय अर्थतन्त्रको संरक्षण सम्भव हुनेछ।

सामुदायिक विद्यालय : अर्बौंको लगानी, बालुवामा पानी



भोला पासमान

विद्यालयमा विद्यार्थी छन्, शिक्षक छन् र अर्बौंको बजेट छ। तर बालबालिकाले आधारभूत पढाइ र गणितसमेत सिक्न नसक्नुले सार्वजनिक शिक्षाको लगानी, व्यवस्थापन र जवाफदेहितामाथि गम्भीर प्रश्न उठेको छ।

नेपालका करिब २८ हजार सामुदायिक विद्यालयमा ४६ लाखभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। देशका कूल विद्यार्थीमध्ये करिब दुई तिहाइ सामुदायिक विद्यालयमै पढ्छन्। यी विद्यालयमा २ लाखको हाराहारीमा शिक्षक कार्यरत छन्। आर्थिक वर्ष २०८२/८३ मा शिक्षा क्षेत्रका लागि करिब २ खर्ब ११ अर्ब रुपैयाँ विनियोजन गरिएको थियो। आधारभूत तहको खुद भर्ना दर ९७.७ प्रतिशत पुग्नु पनि शैक्षिक पहुँच विस्तारको महत्वपूर्ण उपलब्धि हो।

तर, विद्यालय पुग्नु र सिक्नु एउटै कुरा होइन। कक्षा ५ मा पुगेका बालबालिकाले सामान्य पाठ पढ्न नसक्ने, कक्षा ८ का विद्यार्थीले आधारभूत गणितीय समस्या समाधान गर्न नसक्ने अवस्था छ। विद्यालयको ढोका खुल्यो तर त्यसभित्र अपेक्षित सिकाइ हुन सकेन। यही अवस्थालाई शिक्षाविद्हरूले 'सिकाइ सङ्कट' भन्ने गरेका छन्।

प्रश्न स्वाभाविक छ–सार्वजनिक शिक्षामा राज्यले अर्बौं रुपैयाँ खर्च गर्दा पनि अपेक्षित गुणस्तर किन हासिल हुन सकेको छैन? उही पाठ्यक्रम, उस्तै सरकारी अनुदान र समान नीतिगत व्यवस्थाभित्र रहेका केही सामुदायिक विद्यालयले राम्रो नतिजा दिइरहँदा अरू विद्यालय किन पछाडि छन? यसको उत्तर बजेटको आकारमा मात्र होइन, लगानीको उपयोग, शिक्षक व्यवस्थापन, विद्यालय नेतृत्व र जवाफदेहिताको संरचनामा खोज्नुपर्छ।

सिकाइमा कमजोर नतिजा, पहुँचमा मात्र उपलब्धि

राष्ट्रिय विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन २०२० अनुसार कक्षा ८ का ३२.१ प्रतिशत विद्यार्थीले मात्र गणितमा आधारभूत दक्षता हासिल गरेका थिए। विज्ञानमा ३७.७, नेपालीमा ५८.८ र अंग्रेजीमा ५१.१ प्रतिशत विद्यार्थीले मात्र आधारभूत स्तर पार गरेका थिए। गणितको राष्ट्रिय औसत अङ्कसमेत २०१७ को तुलनामा १७ अङ्कले घटेको थियो।

प्रारम्भिक कक्षाको अवस्था झन् चिन्ताजनक छ। राष्ट्रिय पढाइ तथा अङ्कगणित मूल्याङ्कन २०२० अनुसार कक्षा ३ का १०.२ प्रतिशत विद्यार्थीले एउटा शब्दसमेत सही पढ्न सकेनन्। अपेक्षित पढाइको स्तर हासिल गर्ने विद्यार्थी ४३.५ प्रतिशत र गणितमा अपेक्षित स्तर हासिल गर्ने ३७.२ प्रतिशत मात्र थिए।

कक्षा १० को २०२३ को राष्ट्रिय मूल्याङ्कनले पनि गणितमा २०.४, विज्ञानमा २९.४, नेपालीमा २५.९ र अंग्रेजीमा १२.२ प्रतिशत विद्यार्थी कक्षा स्तरभन्दा तल रहेको देखाएको छ। विभिन्न मूल्याङ्कनमा न्यूनतम दक्षताको परिभाषा फरक भएकाले प्रतिशतलाई सिधै तुलना गर्न नमिले पनि समग्र निष्कर्ष एउटै छ–विद्यार्थीको सिकाइ अपेक्षित स्तरभन्दा निकै कमजोर छ।

विद्यार्थी विद्यालयमा भर्ना भए पनि नियमित रूपमा कक्षा पूरा गरिरहेका छैनन्। २०७३ मा कक्षा १ मा भर्ना भएका १० लाख ५३ हजार ८२४ बालबालिकामध्ये २०८० मा कक्षा ८ मा पुग्नेको संख्या ६ लाख २१ हजार ८४८ मात्र थियो। तीमध्ये एसईईसम्म पुग्नेको हिस्सा ४०.८६ प्रतिशत थियो। यो सबै विद्यार्थीले विद्यालय छाडेको तथ्य होइन। कक्षा दोहोऱ्याउने प्रवृत्तिसमेत यसमा जोडिएको छ। तर निर्धारित समयमा आधारभूत शिक्षा पूरा गर्न नसक्ने ठूलो जनसंख्या हुनु आफैंमा गम्भीर समस्या हो।

विद्यालयमा टिकिरहने दर कक्षा ८ सम्म ८६.५, कक्षा १० सम्म ६६.९ र कक्षा १२ सम्म ३९.३ प्रतिशत मात्र छ। विद्यालय छाड्ने कारणमा घरायसी श्रम र कम उमेरमा विवाह पनि प्रमुख छन्। विद्यालय बाहिर रहेका बालबालिकाको सघनता मधेश प्रदेशमा सबैभन्दा बढी देखिएको छ। यसले शिक्षा प्रणालीको समस्या सबै बालबालिकामा समान रूपमा परेको छैन भन्ने पनि देखाउँछ। गरिब, दलित, सीमान्तकृत समुदाय र दुर्गम क्षेत्रका बालबालिका बढी प्रभावित छन्।

अर्बौंको बजेट तर सिकाइमा लगानी कति ?

आर्थिक वर्ष २०८२/८३ को करिब २ खर्ब ११ अर्ब रुपैयाँको शिक्षा बजेटलाई सामुदायिक विद्यालयका करिब ४६ लाख ४३ हजार विद्यार्थीले भाग गर्दा प्रतिविद्यार्थी औसत खर्च करिब ४५ हजार रुपैयाँ पर्न आउँछ। यो मोटामोटी हिसाब हो। किनभने, शिक्षा बजेटमा उच्च शिक्षा, प्रशासन र अन्य कार्यक्रमको खर्च पनि समावेश हुन्छ तर सार्वजनिक शिक्षामा राज्यको लगानी सानो छैन भन्ने देखाउन यो पर्याप्त छ।

समस्या बजेट कति छ भन्ने मात्र होइन, त्यो कहाँ खर्च भइरहेको छ र त्यसबाट विद्यार्थीले के सिकिरहेका छन् भन्ने हो। शिक्षा बजेटको करिब ६१.३ प्रतिशत शिक्षकको तलबमा खर्च हुने गरेको छ। शिक्षकको तलब र सुविधा आवश्यक छ तर कक्षा कोठाको सिकाइ सुधार, शिक्षकको क्षमता विकास, नियमित मूल्याङ्कन, पठन सामग्री र कमजोर विद्यार्थीका लागि अतिरिक्त सहयोगमा पर्याप्त ध्यान नपुग्दा लगानीको प्रतिफल कमजोर हुन्छ।

अर्कोतर्फ, कूल राष्ट्रिय बजेटमा शिक्षाको हिस्सा घट्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा ११.२७ प्रतिशत रहेको शिक्षा बजेटको हिस्सा २०८३/८४ मा १०.२८ प्रतिशतमा झरेको देखिन्छ। यो युनेस्कोले सुझाएको १५ देखि २० प्रतिशतको मापदण्डभन्दा कम हो। स्रोतको वितरणमा अर्को समस्या छ। शिक्षा मन्त्रालयको शैक्षिक सूचना २०८० अनुसार २७ हजार ९९० सामुदायिक विद्यालयमध्ये १५ हजार ९६५ विद्यालयमा १०० भन्दा कम विद्यार्थी छन्। अर्थात् आधाभन्दा बढी विद्यालयमा विद्यार्थी संख्या अत्यन्त कम छ।

विद्यालय सानो भए पनि भवन, प्रशासन, प्रधानाध्यापक र शिक्षकको न्यूनतम संरचनागत खर्च उस्तै रहन्छ। परिणामतः प्रतिविद्यार्थी लागत बढ्छ। कतै शिक्षकको अभाव छ भने कतै विद्यार्थीको अनुपातमा शिक्षक बढी छन्। राष्ट्रिय औसतले यस्तो असन्तुलनलाई लुकाइरहेको छ। विद्यालयको संख्या कायम राख्नुलाई मात्र उपलब्धि मान्ने कि विद्यार्थीले गुणस्तरीय शिक्षा पाउने सुनिश्चित गर्ने भन्ने प्रश्न अब उठाउनैपर्छ।

शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप

सामुदायिक शिक्षाको कमजोर नतिजाको एउटा प्रमुख कारण शिक्षक व्यवस्थापनमा देखिएको अव्यवस्था हो। शिक्षा मन्त्रालयको प्रतिवेदनलाई उद्धृत गर्दै प्रकाशित विवरणअनुसार सामुदायिक विद्यालयका १ लाख ८० हजार १०३ शिक्षकमध्ये ८९ हजार २१४ जना मात्र स्थायी छन्। बाँकी ९० हजार ८८९ जना राहत, करार, निजी स्रोत र अन्य अस्थायी व्यवस्थामा कार्यरत छन्।

त्यस्तै, ४० प्रतिशतभन्दा बढी विद्यालयमा पूर्णकालीन प्रधानाध्यापक नभएको विवरण सार्वजनिक भएको छ। शिक्षक नियुक्तिमा लामो समयसम्म खुला प्रतिस्पर्धा नहुनु र अस्थायी नियुक्तिको प्रभाव बढ्नुले योग्य जनशक्ति व्यवस्थापनमा प्रश्न उठेको छ। शिक्षक नियुक्ति, सरुवा र प्रधानाध्यापक छनोटमा राजनीतिक दल तथा तिनका भ्रातृ सङ्गठनको प्रभाव पर्ने गरेको गुनासो नयाँ होइन। कतिपय विद्यालयमा प्रधानाध्यापकभन्दा राजनीतिक पहुँच भएका शिक्षक प्रभावशाली हुने र विद्यालय व्यवस्थापन दलीय स्वार्थबाट निर्देशित हुने गरेको आरोप छ। विशेषगरी मधेशका कतिपय विद्यालयमा यस्तो प्रवृत्तिलाई 'सुपर हेडमास्टर' संस्कृतिका रूपमा व्याख्या गरिएको छ।

यद्यपि, राजनीतिक पहुँच वा घुसका आधारमा नियुक्त भएका शिक्षकको निश्चित प्रतिशत पुष्टि गर्ने आधिकारिक राष्ट्रिय अध्ययन उपलब्ध छैन। त्यसैले यस्ता आरोपलाई प्रमाणित तथ्यका रूपमा प्रस्तुत गर्न मिल्दैन। तर खुला प्रतिस्पर्धाको अभाव, अस्थायी नियुक्तिको ठूलो हिस्सा र विद्यालय नेतृत्वमा देखिएको अस्थिरताले शिक्षक व्यवस्थापनमा सुधार आवश्यक रहेको स्पष्ट पार्छ।

शिक्षकलाई दोष दिएर मात्र समस्या समाधान हुँदैन। योग्य शिक्षक छनोट, नियमित तालिम, कक्षा कोठामा उपस्थिति, शिक्षण जिम्मेवारी र कार्यसम्पादनको निष्पक्ष मूल्याङ्कन आवश्यक छ। शिक्षकको अधिकार र पेसागत सुरक्षासँगै विद्यार्थीको सिकाइप्रतिको जिम्मेवारी पनि सुनिश्चित हुनुपर्छ।

परीक्षा पास गराउने कि सिकाउने ?

सामुदायिक विद्यालयमा अर्को समस्या परीक्षामुखी शिक्षण संस्कृति हो। विद्यालयको सफलता विद्यार्थीले कति सिके भन्ने आधारमा होइन, कति जना परीक्षामा उत्तीर्ण भए भन्ने आधारमा मापन गर्ने प्रवृत्ति बलियो छ। अभिभावकको दबाबमा धेरै सामुदायिक विद्यालय अंग्रेजी माध्यममा गएका छन् तर अंग्रेजी माध्यममा पढाउने सबै शिक्षकसँग पर्याप्त भाषिक दक्षता र शिक्षण क्षमता नहुँदा विद्यार्थीले विषयवस्तुको अवधारणा बुझ्न कठिनाइ भोगिरहेका छन्। गणित र विज्ञान जस्ता विषयमा भाषिक कठिनाइ थपिँदा विद्यार्थीको सिकाइ कमजोर हुनसक्छ।

विद्यालयको उद्देश्य भाषा परिवर्तन गर्नु मात्र होइन, बालबालिकालाई विषयवस्तु बुझ्ने क्षमता दिनु हो। मातृभाषा, नेपाली वा अंग्रेजी जुन माध्यम प्रयोग गरे पनि प्रभावकारी शिक्षण र अवधारणात्मक बुझाइ महत्वपूर्ण हुन्छ। यसैगरी, परीक्षामा मिलेमतो, कमजोर विद्यार्थीलाई पर्याप्त सहयोग नगरी उत्तीर्ण गराउने र वास्तविक सिकाइ नाप्न नसक्ने अभ्यासले नतिजालाई आकर्षक देखाउन सक्छ तर प्रमाणपत्र प्राप्त गर्नु र ज्ञान तथा सिप हासिल गर्नु फरक कुरा हुन्।

एउटै प्रणालीमा केही विद्यालय किन सफल?

सामुदायिक विद्यालय सबै असफल छन् भन्ने निष्कर्ष भने गलत हुन्छ। एउटै स्थानीय तहमा रहेका विद्यालयको नतिजामा ठूलो अन्तर देखिन्छ। घोराहीमा सामुदायिक विद्यालयको औसत एसईई उत्तीर्ण दर ३९.३४ प्रतिशत हुँदा जाजरागाउँ माध्यमिक विद्यालयमा ८४.३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। त्यही नगरको अर्को विद्यालयमा भने ६६ परीक्षार्थीमध्ये ८ जनाले मात्र ग्रेड प्राप्त गरेका थिए। डोटीमा सीताराम माध्यमिक विद्यालयले ४५ मध्ये ४१ विद्यार्थी उत्तीर्ण गराउँदा ५ सामुदायिक विद्यालयको नतिजा शून्य आएको थियो। एउटै नीति, पाठ्यक्रम र अनुदान प्रणालीमा यति ठूलो भिन्नता आउनुले विद्यालयको नेतृत्व र व्यवस्थापनको महत्व पुष्टि गर्छ।

काठमाडौं विश्वविद्यालयमा गरिएको चितवनको एक राम्रो नतिजा दिने सार्वजनिक विद्यालय सम्बन्धी

–बाँकी तीन पेजमा

सामुदायिक...

अध्ययनले प्रधानाध्यापकको शैक्षिक नेतृत्व, शिक्षकको स्पष्ट जिम्मेवारी, अभिभावकको सहभागिता, विद्यार्थीको सक्रियता र नियमित मूल्याङ्कनलाई सफलताका प्रमुख आधार मानेको छ।

अन्य अध्ययनले पनि विद्यालय व्यवस्थापन समितिको दूरदर्शी नेतृत्व, प्रधानाध्यापकको निरन्तरता, शिक्षकको जवाफदेहिता र समुदायको सहयोगले विद्यालयको गुणस्तर सुधार्न सक्ने देखाएका छन्। धनगढी उपमहानगरपालिकाको उदाहरण पनि उल्लेखनीय छ। त्यहाँ सामुदायिक विद्यालयको कक्षा ८ को उत्तीर्ण दर २०७९ मा ९.४७ प्रतिशत रहेकामा २०८२ मा ५०.०६ प्रतिशत पुगेको थियो। शिक्षक तालिम, सूचना प्रविधि, भौतिक पूर्वाधार र स्थानीय तहको सक्रियतालाई सुधारका आधारका रूपमा प्रस्तुत गरिएको छ। यद्यपि, स्थानीय तहले नै परीक्षा सञ्चालन गर्ने भएकाले यो सुधारको वास्तविकता पुष्टि गर्न स्वतन्त्र सिकाइ मूल्याङ्कन आवश्यक छ। यी उदाहरणले एउटा कुरा स्पष्ट पार्छन्–बजेट र नीति आवश्यक भए पनि विद्यालयमा नेतृत्व, व्यवस्थापन र जवाफदेहिता नहुँदा सुधार सम्भव हुँदैन।

सुधारका लागि ३ तहको हस्तक्षेप

अब सामुदायिक शिक्षा सुधारका लागि नाराभन्दा मापनयोग्य कार्ययोजना आवश्यक छ। पहिलो, आगामी ३ देखि ६ महिनाभित्र देशव्यापी आधारभूत सिकाइ परीक्षण गर्नुपर्छ। कक्षा २, ३ र ५ का विद्यार्थीले सामान्य पाठ पढ्न, लेख्न र आधारभूत गणित गर्न सक्छन् कि सक्दैनन् भन्ने परीक्षण विद्यालयगत रूपमा सार्वजनिक गर्नुपर्छ। यसबाट कुन विद्यालयमा कस्तो समस्या छ भन्ने तथ्य प्राप्त हुन्छ।

त्यससँगै शिक्षकको उपस्थिति, शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्र, विषयगत जिम्मेवारी र कार्यसम्पादनको स्वतन्त्र अडिट गर्नुपर्छ। नक्कली प्रमाणपत्र, अनियमितता र कक्षामा अनुपस्थित रहने प्रवृत्तिमाथि प्रमाणका आधारमा छानबिन गर्नुपर्छ। परीक्षामा मिलेमतो रोक्न कक्षा ८ को परीक्षामा साझा मापदण्ड र नमुना पुनर्परीक्षणको व्यवस्था गर्नुपर्छ।

दोस्रो, एकदेखि दुई वर्षभित्र शिक्षक नियुक्ति र विद्यालय नेतृत्वमा सुधार गर्नुपर्छ। शिक्षक नियुक्ति खुला प्रतिस्पर्धा र न्यूनतम योग्यताका आधारमा हुनुपर्छ। प्रधानाध्यापक प्रतिस्पर्धाबाट छनोट गरी निश्चित अवधिको कार्यसम्पादन सम्झौता गर्नुपर्छ। शिक्षकको कमजोर कार्यसम्पादन देखिएमा पहिले तालिम र सुधारको अवसर दिने, त्यसपछि पनि सुधार नभए कानुनी प्रक्रियाअनुसार जिम्मेवारी निर्धारण गर्ने व्यवस्था हुनुपर्छ।

विद्यालयमा उपलब्ध इन्टरनेट र सूचना प्रविधि प्रयोग गरी डिजिटल हाजिरी, कक्षा अवलोकन र सिकाइ प्रगतिको अभिलेख राख्न सकिन्छ। तर प्रविधि आफैंमा समाधान होइन। त्यसको प्रयोगले शिक्षण प्रक्रियामा वास्तविक सुधार ल्याउनुपर्छ। तेस्रो, २ देखि ५ वर्षभित्र शिक्षा प्रणालीलाई परिणाममुखी बनाउनुपर्छ। कक्षा १ देखि ५ सम्म आधारभूत साक्षरता र अङ्क ज्ञान अभियान सञ्चालन गर्नुपर्छ। कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षा, पठन सामग्री र व्यक्तिगत सहयोग उपलब्ध गराउनुपर्छ।

मधेश, कर्णाली र सुदूरपश्चिमका पिछडिएका क्षेत्र तथा दलित, छात्रा र सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित छात्रवृत्ति र विद्यालयमा टिकाइ राख्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ। घरायसी श्रम, बाल विवाह र आर्थिक अभावका कारण विद्यालय छाड्ने बालबालिकाका परिवारसँग स्थानीय तहले प्रत्यक्ष काम गर्नुपर्छ। साना विद्यालय समायोजन गर्दा पनि बालबालिकाको पहुँचलाई पहिलो प्राथमिकता दिनुपर्छ। विद्यालय टाढा पर्ने अवस्थामा यातायात, छात्रावास र अन्य वैकल्पिक सुविधा सुनिश्चित नगरी विद्यालय बन्द गर्नु हुँदैन।

सबैभन्दा महत्वपूर्ण कुरा, शिक्षा बजेटको केही हिस्सा विद्यालयको सिकाइ उपलब्धिसँग जोड्नुपर्छ। तर उत्तीर्ण दरलाई मात्र आधार बनाउनु हुँदैन। स्वतन्त्र मूल्याङ्कन, विद्यार्थीको नियमित उपस्थिति, कक्षा उक्लिने दर र आधारभूत सिपको विकासलाई समेत सूचक बनाउनुपर्छ।

अब अपवाद होइन, सफल विद्यालयको अभ्यास सामान्य बनाउनुपर्छ

सामुदायिक शिक्षाको सङ्कट पैसाको अभाव मात्र होइन, व्यवस्थापन, मापन र जवाफदेहिताको पनि सङ्कट हो। राज्यले अर्बौं रुपैयाँ खर्च गरिरहेको छ तर बालबालिकाले के सिकिरहेका छन् भन्ने प्रश्नको उत्तर विद्यालयगत रूपमा दिन सक्ने प्रणाली कमजोर छ। शिक्षक नियुक्तिदेखि विद्यालय नेतृत्वसम्म राजनीतिक प्रभाव र व्यवस्थापकीय अव्यवस्था हटाउन नसक्दा सार्वजनिक लगानीको अपेक्षित प्रतिफल आउन सकेको छैन।

यसको मूल्य अभिभावकले निजी विद्यालयमा खर्च गर्नुपर्ने बाध्यताबाट र बालबालिकाले कमजोर सिकाइबाट चुकाइरहेका छन्। आर्थिक रूपमा सम्पन्न परिवारले निजी विद्यालय रोज्न सक्छन् तर गरिब र सीमान्तकृत समुदायका बालबालिकाका लागि सामुदायिक विद्यालय नै मुख्य आधार हो। त्यसैले सामुदायिक शिक्षाको गुणस्तर खस्कनु केवल शैक्षिक समस्या होइन, सामाजिक न्याय र समान अवसरको प्रश्न पनि हो।

सरकारले आगामी ३० दिनभित्र सार्वजनिक विद्यालय सुधारका लागि अधिकार सम्पन्न कार्यदल गठन गर्नुपर्छ। ६ महिनाभित्र विद्यालयगत सिकाइ आधार रेखा तयार गरी सार्वजनिक गर्नुपर्छ। शिक्षक व्यवस्थापन, विद्यालय नेतृत्व र बजेट विनियोजनलाई विद्यार्थीको सिकाइसँग जोड्नुपर्छ। जाजरागाउँ, सीताराम र धनगढी जस्ता उदाहरणले सार्वजनिक विद्यालय सुधार असम्भव छैन भन्ने देखाएका छन्। सफल विद्यालयका अभ्यास पहिचान गरी अन्य विद्यालयमा विस्तार गर्नु राज्यको जिम्मेवारी हो।

हामीले कस्तो पुस्ता तयार पारिरहेका छौं भन्ने प्रश्नको उत्तर विद्यालयको भवन, शिक्षकको संख्या वा बजेटको आकारले दिँदैन। त्यसको उत्तर बालबालिकाले कति पढ्न, लेख्न, गणना गर्न, सोच्न र जीवनमा उपयोगी सिप हासिल गर्न सके भन्ने कुराले दिन्छ। गुणस्तरीय शिक्षा प्रत्येक बालबालिकाको मौलिक अधिकार हो। त्यसैले सामुदायिक विद्यालयको सफलता भर्ना संख्या र परीक्षाको उत्तीर्ण दरले होइन, बालबालिकाले कति सिके भन्ने आधारमा मापन गर्नुपर्छ। अर्बौंको लगानीलाई उपलब्धिमा बदल्ने समय यही हो। (ओनलाईन खबरबाट)

नेताहरूको स्वार्थले ...

लागेका हौं,' एमाले प्रचार विभाग प्रमुख निरज आचार्य भन्छन्। गत ९ साउनमा ओली र प्रचण्डबीच सातै प्रदेश सरकारमा सहकार्य गर्ने लिखित सम्झौता भएको छ। जसबमोजिम कांग्रेससँग कायम सत्ता साझेदारी तोड्ने र नयाँ सरकार फेर्ने कोर्समा एमाले–नेकपाका नेताहरू छन्।

उक्त सम्झौताकै आधारमा बागमती, कर्णाली र सुदूरपश्चिमका मुख्यमन्त्री फेरिएका छन्। कोशी र लुम्बिनीमा एमालेकै सरकार भएकाले कांग्रेसलाई हटाइएको छ। गण्डकी र मधेशमा एमाले र नेकपाको मात्रै बहुमत नभएकाले कांग्रेस नेतृत्वकै सरकार छ। 'मधेशको सरकारबाट कांग्रेसलाई हटाउन एमाले र नेकपाको मात्रै सांसद संख्याले पुग्दैनथ्यो,' एमालेका एक शीर्ष नेता भन्छन्, 'विकल्पमा छलफल गर्दा जसपा नेपाललाई नेतृत्व दिएर जान सहमत भयौं।' तर, गत २३ साउनमा मात्रै मधेश केन्द्रीत (जनार्दन शर्मा संरक्षक रहेको प्रलोपा सहित) सात राजनीतिक दलहरुबीच मिलेर बनेको अग्रगामी मोर्चामा आवद्ध जसपा नेपाललाई यो कोर्समा ल्याउन सजिलो थिएन।

किनकि आगामी निर्वाचनसम्म कुनैपनि सरकारमा सहभागी नहुने मोर्चाको सार्वजनिक घोषणा छ। तर जसपा नेपालका प्रदेश तहका नेताहरू मार्फत एमाले र नेकपाका नेताहरूले नयाँ सरकारको कोर्स तयार पारे। स्रोतका अनुसार उपेन्द्र यादव तयार नभए जसपा नेपाल विभाजन गरेर भएपनि नयाँ सरकार बनाउनेसम्मको सहमति जुटिसकेको थियो। 'जसपा नेपालका २५ मध्ये २० जना सांसद नयाँ सरकार बनाउने कोर्समा आउन तयार छन्,' स्रोत भन्छ, '१७ महिना अघि मात्रै अशोक राईको नेतृत्वमा भएको विभाजनको पीडा खेपेका उपेन्द्र यादवलाई यो स्थिति सजिलो थिएन।'

ती स्रोतका अनुसार उपेन्द्र यादवले यस्तो स्थिति नल्याइदिन ओलीलाई गुन्डु पुर्गेरै आग्रह गरेका थिए। 'एमालेले समर्थन फिर्ता लिएपछि उपेन्द्र यादव गुन्डु पुग्नु भएको थियो,' एक नेता भन्छन्, 'मधेशमा अप्ठ्यारो नपारिदिनुस् भन्ने उहाँको कुरा थियो।' तर जसपा नेपाल मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री हुन तयार भएपछि उपेन्द्र यादव पार्टी विभाजन जोगाउनुपर्ने बाध्यतामा छन्। अर्थात उपेन्द्र यादवको चाहना भन्दा पनि एमाले र नेकपाको तीन बुँदे कार्यान्वयनका क्रममा मधेशमा नयाँ सरकार निर्माणको लफडा चलिरहेको छ।

'मुख्यमन्त्रीले के गर्नु हुन्छ भन्ने हेर्न अझै बाँकी छ। त्यसपछि मात्रै नयाँ सरकारको कुरा आउँछ,' जसपा नेपालका नेता मनिष सुमन भन्छन्, 'वर्षैपिच्छे सरकार फेर्नु हाम्रो चाहना होइन। रहर पनि छैन।' तर मधेशको सबैभन्दा ठूलो दल (२८ सिट) जसपा नेपालले मुख्यमन्त्री यादवलाई विश्वासको मत नदिने भने पक्का रहेको उनी बताउँछन्। गत वैशाखमा मात्र एमालेलाई सरकारमा सहभागी गराउन मुख्यमन्त्री यादवले जसपा नेपालका मन्त्रीहरूलाई बर्खास्त गरेको पृष्ठभूमिका कारण पनि विश्वासको मत नआउनु स्वभाविक देखिन्छ। जनमत पार्टी पनि विपक्षीमै छ।

यसरी जसपा नेपाल, जनमत पार्टी, एमाले र नेकपाबाट समर्थन नआउने पक्का भइसकेकाले मुख्यमन्त्री यादवले बहुमत जुटाउन सक्ने स्थिति छैन। 'उनीहरू तीन दलका (कांग्रेस, एमाले र नेकपा) कारण सरकार दिनैपर्ने बाध्यतामा हामी पर्यौं,' जसपा नेता सुमन भन्छन्, 'प्रदेश सभा विघटनतिर जान रोक्न पनि सरकारको नेतृत्व गर्नुपर्ने भयो।' एमाले मधेश प्रदेशका नेता मनोज पौडेल भने स्वयं मुख्यमन्त्रीकै कारण नयाँ सरकार बनाउनुपर्ने स्थिति आएको तर्क गर्छन्। 'मुख्यमन्त्रीले हामीसँग गरेको सहमति पुरा गर्नु भएन। मन्त्रालय घटाउने कुरा, कमिसन रोक्ने कुरादेखि मन्त्रीहरूलाई अनावश्यक हस्तक्षेप नगर्ने भन्ने सहमति पालना भएन,' उनी भन्छन्।

मधेश एमालेकै अर्का एक नेता भने मुख्यमन्त्री, मन्त्री र यहाँका नेताहरुका कारण नयाँ सरकारको खोजी नभएको दाबी गर्छन्। 'यहाँको समस्या देखाउने प्राविधिक कुरा हो। सरकार बनाउने र भत्काउने निर्णय केन्द्रबाट भइरहेको छ,' उनी भन्छन्, 'अरु ६ प्रदेशमा जे घटना भयो, यहाँ पनि त्यस्तै गर्न लागिएको हो।'

सातौं मुख्यमन्त्रीको खोजी

०७४ सालको निर्वाचनपछि मधेश प्रदेशको पहिलो सरकार पाँचै वर्ष टिकेर नेपालको राजनीतिमा कीर्तिमानी अभ्यास भएको थियो। तर ०७९ को निर्वाचन पछि संघीय सत्ता गठबन्धनलाई आधार मानेर मधेशको सरकार हेरफेर हुँदा अरु प्रदेश जस्तै मधेश पनि बदनाम हुन पुगेको छ। प्रदेश सभाको कार्यकाल एक वर्ष बाँकी रहँदा सातौं (यो कार्यकालको छैठौं) मुख्यमन्त्री बनाउने संघर्ष चलिरहेको छ। र, संभवतः जसपा नेपालका सरोजकुमार यादव नयाँ मुख्यमन्त्री बन्ने सम्भावना अधिक छ।

०७९ को निर्वाचनपछि पनि उनी १७ महिना मुख्यमन्त्री भएका थिए। बारा–१ (२) बाट निर्वाचित यादवलाई त्यसबेला एमाले, जनमत पार्टी, माओवादी केन्द्र, राप्रपा, नाउपा र स्वतन्त्र सांसदहरु सुरिता साह र अनिरुद्धप्रसाद सिंह गरी ६३ जनाको समर्थन थियो। सरकार बनाउन ५४ सांसद भए पुग्थ्यो। उनी प्रदेशको मुख्यमन्त्री हुँदा प्रचण्ड प्रधानमन्त्री थिए। प्रचण्ड प्रधानमन्त्री हुनेगरी मधेशका मुख्यमन्त्री बनेका यादवको पद संघीय सत्ता गठबन्धन हेरफेरकै संघर्षमा गुम्यो।

प्रचण्डले त्यो १७ महिने अवधिमा तीनपटक गठबन्धन फेरे। एमालेको समर्थनमा प्रधानमन्त्री भएका प्रचण्ड राष्ट्रपतिको चुनावसँगै कांग्रेसतिरै फर्कने अनि फेरि एमालेसँग सत्ता हकार्य गर्ने जस्ता घटना भए। यद्यपि सरकार टिक्नेमा प्रचण्ड ढुक्क थिएनन्। सत्ता गणितको संघर्षमै १२ जना प्रतिनिधि सभा सदस्य रहेको जसपा विभाजन भयो। सरकारको साथ पाएरै अशोक राईले ७ सांसद सहित पार्टी फुटाए। यसको असर मधेश सरकारमा पनि पऱ्यो।

संघीय सरकारको समर्थनकै निम्ति पनि जसपा नेपाल फुटाएको सत्ताले जनमत पार्टीको साथ पाउन मधेश सरकारको नेतृत्व जनमत पार्टीलाई दिने नीति लियो। एमाले, माओवादी, एकीकृत समाजवादी, नाउपा र नेपाल संघीय समाजवादीको समर्थनमा २५ जेठ २०८१ मा जनमतका नेता सतिश सिंह मुख्यमन्त्री निर्वाचित भएका थिए। तर मधेशमा सरकार फेरिएको दुई महिना नपुग्दै सिंहदरबारको सत्ता बदलियो। १५ असार २०८१ मा कांग्रेस र एमालेले सात बुँदे सहमति मार्फत नयाँ सत्ता सहयात्रा थाले। तत्कालीन संसद्को पहिलो र दोस्रो दल मिल्दा अरु दलको भूमिका कमजोर बन्यो।

यद्यपि मधेशमा जनमत पार्टीकै सरकार चलिरहेको थियो। २२–२३ भदौको जेनजी आन्दोलनसम्म आइपुग्दा जनमतभित्रै देखिएको विवादले सतिश सिंहको सरकार ढल्ने स्थिति बन्यो। २८ असोज २०८२ मा आफ्नै पार्टीको असहयोगका बीच सिंहले मुख्यमन्त्री पदबाट राजीनामा दिए। उनको राजीनामा पछि मधेशमा कांग्रेस–एमाले बाहेक दलहरूको सरकार बनाउने निर्णय भयो। जसपा नेपाल, जनमत पार्टी, माओवादी केन्द्र, एकीकृत समाजवादी सहितको समर्थनमा लोसपा नेता जितेन्द्र सोनल २९ असोज २०८२ मा मुख्यमन्त्री नियुक्त भए। तर उनले समर्थन पाउन सकेनन्।

माओवादी केन्द्रका सांसद रहबर अन्सारीले प्रदेश सभा हलमै आफ्नै अनुहारमा मोसो दल्दै विश्वासको मत नदिने निर्णय सुनाए। उनको निर्णयले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने वैधानिक व्यवस्था बमोजिम मुख्यमन्त्रीका निम्ति बहुमत जुटाउन नसक्दा सोनलले राजीनामा दिए। सोनलको राजीनामापछि एमालेका सरोजकुमार यादव २४ कात्तिक २०८२ मा मुख्यमन्त्री नियुक्त भए। तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ (३) बमोजिम सबैभन्दा ठूलो दलका नेता यादवलाई एक होटलमा शपथ गराइन्। यो विवादित नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भयो। सुवेदीलाई मर्यादा विपरीत काम गरेको भन्दै सरकारले पदबाट बर्खास्त गऱ्यो।

७४ जना प्रदेश सभा सदस्य यो नियुक्तिविरुद्ध अदालत गएको थियो। अदालतले दुई वा दुई भन्दा बढी दलहरू मिलेर सरकार बनाउने संभावना हुँदाहुँदै प्रदेश प्रमुखले असंवैधानिक नियुक्त गरेको ठहर गऱ्यो। २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश पनि जारी भयो। विश्वासको मत पाउन सक्ने स्थिति नभएपछि मुख्यमन्त्री पदबाट राजीनामा दिए। अर्थात २ महिनाको अवधिमा तीन मुख्यमन्त्रीले राजीनामा गरे। यसपछि एमाले बाहेक सात दलीय गठबन्धनको संयुक्त सरकार बन्यो, १९ मंसिर २०८२ मा कांग्रेसका कृष्ण यादव मुख्यमन्त्री नियुक्त भए।

कांग्रेस नेता यादवलाई जसपा नेपाल, जनमत पार्टी, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादी र नाउपाको समर्थन थियो। तर ७७ जना प्रदेश सांसदको हस्ताक्षर सहित मुख्यमन्त्री नियुक्त यादव एघार महिना नआइपुग्दै संकटमा परेका छन्। यो संकटको कारण पनि उनी आफू मात्र होइनन्। मुख्यमन्त्री यादवले सकेसम्म पद जोगाउन पहल गरे। जमनत पार्टीले ६ महिना नपुग्दै समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले एमालेलाई सरकारमा सहभागी गरायो। गत ७ जेठमा एमालेलाई सरकारमा सहभागी गराउँदा जसपा नेपालका मुख्यमन्त्रीहरूलाई बर्खास्त गरियो। जसपा समर्थन फिर्ता लिएर प्रमुख विपक्षी दल बन्यो।

तर सरकारमा सहभागी भएर सत्ता जोगाउन सहयोग गरेको एमालेले पाँच महिना नपुग्दै सत्ता छोड्ने निर्णय लियो। गत ३० असोजमा एमालेका चार मन्त्रीले राजीनामा दिएर पार्टीको समर्थन फिर्ता लियो। यसपटक आफूसँगै अर्को सत्ता साझेदार नेकपालाई पनि एमालेले सरकारबाट बाहिरिने वातावरण बनायो। अहिले मधेशको स्थिति कस्तो छ भने उपेन्द्र यादवले नचाहेर पनि सरोजकुमार यादव मुख्यमन्त्री बन्नसक्छन्। दलहरु अहिलेकै अङ्गनमा रहिरहने हो भने दुई वा दुई भन्दा बढी दलहरू मिलेर संविधानको धारा १६८ (२) बमोजिमको सरकार बन्न सक्ने छैन।

त्यसो हुँदा संविधानको अर्को धारा १६८ (३) बमोजिम सबभन्दा ठूलो दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री हुनेछन्। 'जसरी फसाउने काम गरिँदैछ, यसबाट हामी उत्साहित भन्दा बढी निरुत्साहित छौं,' जसपा नेता सुमन भन्छन्, 'वर्षैपिच्छे सरकार फेरिरहने कुरा जेनजी आन्दोलनको भावना विपरीत हो, संघीयता कमजोर बनाउने कुरा हो।' मधेशमा जसपा नेपालका २८, एमालेका २४, कांग्रेसका २२, नेकपाका १५, जनमत पार्टीका १२, नेसपा, राप्रपा र नाउपाका १/१ सांसद छन्। अनलाइनखबरबाट

कमला पुल निर्माण अन्तिम चरणमा



जनकपुरधाम, २४ कार्तिक। तराई-मधेसको 'लाइफलाइन' मानिने हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला नदीमाथि निर्माणाधीन बहुप्रतीक्षित पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। वर्षौंदेखि पुल सञ्चालनको प्रतीक्षामा रहेका दुवै जिल्लाका स्थानीयवासी निर्माणकार्यले अन्तिम रूप लिन थालेपछि उत्साहित भएका छन्। पुल माथिको ढलानको काम सम्पन्न भइसको र पुललाई दुबै तर्फबाट जोड्न माटो हाल्ने काम भइरहेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका प्रमुख कृष्णकुमार महतोले बताए।

माटो फिलिङको काम सकिएपछि पुल मड्सिर पहिलो सातादेखि बाट पुर्ण रूपमा सञ्चालन गरिने प्रमुख महतोले बताए। यस्तै हुलाकी सडक अन्तर्गत धनुषाको जनकपुरधामस्थित कदमचोकदेखि कमला नदीको पुलसम्मको सडक सीमाभित्र निर्माण गरिएका अनधिकृत संरचना खाली गराएको छ। प्रमुख महतोका अनुसार सडक सीमाभित्र निर्माण गरिएका घर, टहरा, घुम्ती पसललगायत संरचना हटाएर सडक खाली गराईएको छ। पटकपटक सूचना जारी गर्दा पनि सम्बन्धित व्यक्तिले संरचना नहटाएपछि बाध्य भएर डोजर प्रयोग गरेर संरचना हटाइएको प्रमुख महतोको भनाइ छ ।

विसं २०६८ मा कमला पुल निर्माणको ठेक्का पप्पु-लुम्बिनी जेभीले पाएको थियो। विसं २०७८ असारमा उद्घाटनको तयारी भइरहेका बेला आएको बाढीले पुलका पिलर भाँचिएपछि निर्माण सम्पन्न हुन सकेको थिएन। पुल जीर्ण भएपछि स्थानीयवासीले लामो समयसम्म नदी वारपार गर्न डुङ्गाको सहारा लिनुपरेको थियो। पुल पुनःनिर्माणका क्रममा देखिएका प्राविधिक तथा अन्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि निर्माणले गति लिएको प्रमुख महतोले बताए। पुलका दुवैतर्फ पुग्ने सडकमा माटो भर्ने काम सम्पन्न भएपछि मड्सिरदेखि सवारीसाधन सञ्चालन गर्ने लक्ष्यसहित निर्माणकार्यलाई तीव्रता दिइएको कार्यालयले जनाएको छ।

कमला नदीमा पुल नहुँदा तथा पुरानो पुलबाट आवतजावतमा समस्या भएपछि सिरहा र धनुषाका बासिन्दाले लामो समयदेखि सास्ती भोग्दै आएका थिए। विशेषगरी वर्षायाममा नदीमा पानीको बहाव बढ्दा स्थानीयवासीलाई आवतजावत गर्न डुङ्गा चढ्नुपर्ने अवस्था थियो। कतिपय अवस्थामा जोखिम मोलेर नदी पार गर्नुपर्ने बाध्यता रहँदै आएको थियो। पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि सिरहा र धनुषाबीचको यातायात सम्पर्क थप सहज हुने धनुषाको कमला नगरपालिकाका स्थानीय सुमनकुमार यादवले बताए।

यसबाट दैनिक कामकाज, शिक्षा, स्वास्थ्य सेवा, व्यापार तथा अन्य सामाजिक गतिविधिका लागि एक जिल्लाबाट अर्को जिल्लामा आवतजावत गर्ने सर्वसाधारण प्रत्यक्ष लाभान्वित हुनेछन्। कमला पुल सञ्चालनमा आउनु दुई जिल्लाका बासिन्दाका लागि यातायात सुविधामा सुधार मात्र नभई आर्थिक तथा सामाजिक सम्बन्ध विस्तारको महत्वपूर्ण आधार बन्ने देखिन्छ। विशेषगरी कृषि उपज, स्थानीय उत्पादन तथा व्यापारिक सामग्रीको ढुवानी सहज हुँदा स्थानीय बजार र व्यवसायमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

सर्लाहीमा जुवाडे विरुद्ध प्रहरीको एक्सन :

दुई दिनमा ३७ जना पक्राउ, १० लाखभन्दा बढी नगद बरामद

जनकपुरधाम, २४ कार्तिक। सर्लाही प्रहरीले जुवातास तथा कौडा खेलिरहेको अवस्थामा जिल्लाका विभिन्न पाँच स्थानबाट ३७ जनालाई नियन्त्रणमा लिएको छ। उनीहरूको साथबाट नेपाली र भारतीय गरी १० लाख ७९ हजार ९० रुपैयाँ नगदसहित जुवा खेल्न प्रयोग हुने विभिन्न सामग्री बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार कात्तिक २३ र २४ गते बरहथवा, ब्रह्मपुरी, लालबन्दी र मलंगवा क्षेत्रमा छुट्टाछुट्टै कारबाही गरिएको थियो। प्रहरीका अनुसार कात्तिक २४ गते लालबन्दी नगरपालिका-४ हरिभवन टोलस्थित भुवनकुमार श्रेष्ठको घरमा तास खेलिरहेको सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो।

उक्त स्थानबाट घरधनी श्रेष्ठसहित नौ जना पक्राउ परेका थिए। पक्राउ पर्नेमा मनिलाल तामाङ, रमेश कार्की, मकरबहादुर बस्नेत, सुवास कार्की, दीपक मानन्धर, अच्छेलाल चौधरी, अमर चौधरी, गोविन्द श्रेष्ठ र भुवनकुमार श्रेष्ठ रहेका छन्। उनीहरूको साथबाट ६२ हजार रुपैयाँ नगद, ६ बुक तास, १६ वटा कौडा र ६ थान मोबाइल बरामद गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार कात्तिक २३ गते राति करिब १० बजे गरिएको कारबाहीमा बरहथवा नगरपालिका-९ मुर्तियास्थित कमल लामाको घरको उत्तरपट्टि रहेको खाली जग्गामा कौडा खेलिरहेको अवस्थामा स्थानीय ५५ वर्षीय शान्ता गुरुङ र ४१ वर्षीय दीपक गुरुङ पक्राउ परेका थिए। उनीहरूको साथबाट ३६ हजार ५५५ रुपैयाँ नगद र १६ वटा कौडा बरामद भएको थियो।

यसैगरी, सोह राति करिब २:३० बजे ब्रह्मपुरी गाउँपालिका-१ स्थित धनैस साह कलवारको कुखुरा फार्म र सोही स्थानमा रहेको सन्तोष साहको घरमा प्रहरीले कारबाही गरेको थियो। कुखुरा फार्मबाट जुवातास खेलिरहेको अवस्थामा १० जना पक्राउ परेका थिए। उनीहरूको साथबाट एक लाख १५ हजार ८९५ रुपैयाँ नेपाली नगद, ६०० भारतीय रुपैयाँ, तीन बुक तास र माछापुच्छे बैंकको एक लाख ३० हजार रुपैयाँ उल्लेख भएको एउटा चेक बरामद भएको थियो।

त्यस्तै, सन्तोष साहको घरबाट थप सात जना पक्राउ परेका थिए। उनीहरूको साथबाट दुई लाख तीन हजार ९३० रुपैयाँ नेपाली नगद, २०० भारतीय रुपैयाँ, ६ वटा डाइस, डाइस खेल्ने एउटा खाल, दुईवटा बट्टा, एक बट्टा पाउडर, तीन बुक तास र एउटा लाइट बरामद भएको प्रहरी प्रवक्ता एवं डिएसपी बेदप्रसाद गौतमले जनाएका छन्। उनका अनुसार सोही राति मलंगवा नगरपालिका-८ कोल्ड स्टोरस्थित भागनारायण चौधरीको घरमा जुवातास खेलिरहेको सूचनाका आधारमा ९ जनालाई नियन्त्रणमा लिएको जनाएका छन्॥ पक्राउ पर्नेमा रामबहादुर साह, मनोज चौधरी, भारतको सोनबरसा निवासी विपिनकुमार साह, जितेन्द्र यादव, मनिसकुमार पूर्वा, सञ्जित यादव, धर्मेन्द्रकुमार साह, विरु चौधरी र सुशील साह रहेका छन्। उक्त स्थानबाट प्रहरीले ६ लाख ३० हजार १६० रुपैयाँ नेपाली नगद, ३० हजार २५० भारतीय रुपैयाँ र तीन बुक तास बरामद गरेको छ।

प्रहरीका अनुसार पाँच स्थानबाट गरी कुल ३७ जना पक्राउ परेका छन्। उनीहरूको साथबाट १० लाख ४८ हजार ५४० रुपैयाँ नेपाली र ३१ हजार ५० रुपैयाँ भारतीय रुपैयाँ बरामद भएको छ। त्यसैगरी, ३१ थान मोबाइल, १५ बुक तास, ३२ वटा कौडा, ६ वटा डाइस तथा जुवा खेल्न प्रयोग हुने अन्य सामग्री बरामद गरिएको छ।

बिरामीको चाप बढेपछि जीतपुरसिमरा नगर अस्पतालद्वारा नयाँ भवनबाट सेवा सुरु

बारा, २४ कार्तिक। दैनिक सेवा लिन आउने बिरामीको चाप ह्वात्तै बढेपछि जीतपुरसिमरा उपमहानगरपालिकाले नयाँ भवनबाट नगर अस्पतालको सेवा सुरु गरेको छ। जीर्ण र साँघुरो भवनबाट सबैखाले सेवा दिन असहज भएपछि कात्तिक दोस्रो सातादेखि उपमहानगरले चारतले नयाँ भवनबाट विशेषज्ञ चिकित्सकसहितको सेवा सुरु गरेको हो। नयाँ भवनबाट सेवा सुरु भएसँगै अस्पतालमा बिरामीको चाप व्यवस्थापन गर्न र सेवाग्राहीलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सजिलो भएको बालरोग विशेषज्ञ डा. इस्लामुदिन अन्सारीले जानकारी दिए।

हाल नगर अस्पतालमा दैनिक ३५० देखि ४०० जनासम्म बिरामी सेवा लिन आउने गरेका छन्। बालरोग विशेषज्ञ डा. अन्सारीले उपचारका लागि वीरगञ्ज, हेटौँडा र भरतपुर जाने अभिभावकहरू अहिले नगर अस्पतालमै आउन थालेको बताए। उनका अनुसार नारायणी उपक्षेत्रीय अस्पतालकै हाराहारीमा दैनिक ७० देखि ९० जनासम्म बालबालिका नगर अस्पतालमा सेवा लिन आउने गरेका छन्। 'राम्रो सुविधा पाउन थालेपछि हेटौँडा, वीरगञ्ज र भरतपुर धाउने अभिभावकहरू अहिले नगर अस्पताल आउनुहुन्छ,' डा. अन्सारीले भने, 'हामीकहाँ बच्चाहरूको सबैखाले स्वास्थ्य परीक्षणदेखि भर्ना गर्नेसम्मको सुविधा छ।'



डा. अन्सारीले पुरानो भवनबाट सेवा दिन समस्या भएको र नयाँ भवनमा बालबालिकाका लागि छुट्टै व्यवस्थित वार्डको व्यवस्था गरिएको बताए। ५० वर्ष पुरानो इतिहास बोकेको सिमरा स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्दै उपमहानगरले २०७९ सालमा नगर अस्पताल घोषणा गरेको हो। नगरप्रमुख राजन पौडेलले शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर आफ्नो कार्यकालमा अस्पताल भवन निर्माण गरी सञ्चालनमा ल्याएका हुन्।

संघीय सरकार र उपमहानगरपालिकाको साझेदारीमा २५ शय्याको अस्पताल भवन करिब १७ करोड रुपैयाँ लगानीमा निर्माण गरिएको हो। नगर अस्पतालमा ओपीडीसहित हाडजोर्नी विशेषज्ञ, बालरोग विशेषज्ञ, फिजियोथेरापी, प्रयोगशालामा एनालाइजर प्रविधिको प्रयोग तथा फार्मेसी सेवा सञ्चालनमा छन्। 'हामीलाई विशेषज्ञ डाक्टर थप गर्दा बस्ने कोठासमेत थिएन। पुरानो भवनले लोड धान्नै नसक्ने अवस्था भएकाले तत्कालै नयाँ भवनमा सर्नुपरेको हो,' अस्पताल प्रमुख डा. रौनियारले भने, 'पहिला १५० देखि २०० जना बिरामी हुन्थे भने अहिले ४०० जनासम्म बिरामीलाई हामीले दैनिक सेवा दिइरहेका छौं।'

नयाँ भवनमा तत्कालका लागि ओपीडी र ल्याब सेवा सुरु गरिएको छ भने बाँकी सेवा चरणबद्ध रूपमा सञ्चालन गरिने डा. रौनियारले जानकारी दिए। हाल नगर अस्पतालमा पाँच जना विशेषज्ञ चिकित्सक, ११ जना मेडिकल अधिकृतसहित अन्य स्वास्थ्यकर्मी र कर्मचारी गरी ५५ जना कार्यरत छन्। अस्पतालले एक वर्षदेखि हाड तथा जोर्नीसम्बन्धी शल्यक्रिया सेवा पनि दिइरहेको छ। अस्पतालमै विशेषज्ञ चिकित्सकबाट शल्यक्रियासमेत हुन थालेपछि स्थानीय नागरिकलाई उपचारका लागि वीरगञ्ज, भरतपुर र काठमाडौं धाउनुपर्ने बाध्यता कम भएको डा. रौनियारको भनाइ छ ।

उपमहानगरको स्वास्थ्य शाखा प्रमुख रविकुमार भास्करले नवनियुक्त स्वास्थ्यकर्मीलाई अस्पतालका कमीकमजोरी पहिचान गरी सेवा सुधारमा सक्रिय हुन आग्रह गरेका छन्। अस्पतालको सेवा अझ प्रभावकारी बनाउन आवश्यक राय-सुझाव दिन र बिरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न उनले स्वास्थ्यकर्मीलाई अनुरोध गरेका हुन्। नयाँ भवनबाट सेवा सुरु भएसँगै जीतपुरसिमरा नगर अस्पताललाई स्थानीयस्तरमै भरपर्दो स्वास्थ्य सेवाको केन्द्रका रूपमा विकास गर्ने उपमहानगरपालिकाको लक्ष्यमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)